Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

## सर्टिफिकेट हरायो ।

मिति २०७७साल मंसिर २१ गतेका दिन सिवाईबाट बिराटनगर जाने क्रममा चौ.न.पा ५, सिवाई निवासि सुर्यबहादुर कटुवालको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८०३७९३६०७ मा सम्पर्क गरिदिन हुन अनुरोध छ ।

नोट - उचित पुरस्कारको ब्याबस्था गरिएको छ ।

■ बर्ष-१५, ▶▶ अंक ३६५ ▶▶ साउन ८ सुक्रबार,२०७८, July–23 Friday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com



क्यप्सन- निरन्तर बर्साका कारण उदयपुरको हिलाम्य सडकमा लडेको माटरसाईकल
तस्विर-मुलुकी

# कटारी नगरका ५ वडाको छुट्टै गाउँपालिका बन्ला ?

❖ बुद्धि कुमार राई

*कटारी, साउन ७*

*छुट्टै गाउँपालिका बनाउन खोज्ने ५ वटा वडाहरु नगरपालिका केन्द्र कटारीदेखि दूरीका हिसाबले निकै टाढा र भौगोलिक हिसावले सेवा सुविधा लिन असक्षम देखिएकाले अलग्गै गाउँपालिका बनाउनुपर्ने बाध्यता आईपरेको समितिका सदस्य तथा वडा नं. ११ का वडाध्यक्ष सरोज बुढाक्षेत्री बताउँछन् । नगरपालिका केन्द्र कटारी बजा आउजाउ गर्न धेरै टाढा पर्ने भएकाले वडाबासीलाई सेवा सुविधा लिन र विकास निर्माणका काममा पछि पर्नु परेकाले अलग्गै स्थानीयतह बनाउन माग गरेको उनले बताए । छुट्टै गाउँपालिका बनाउन माग गर्ने ५ वटा वडाको भूगोल झण्डै १ सय २५ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ भने जनसंख्या १८ हजार ५ सय ८६ रहेको नगरपालिकाले जनाएको छ । ५ वटा वडाहरु मिलेर छुट्टै गाउँपालिका बनाए पनि कटारी नगरपालिका रहन कानुनी बाधा नहुने भएकाले स्थानीयतह पुनर्संरचना मापडण्डका आधारमा भूगोल, जनसंख्या र भौतिक पूर्वाधार*

कटारी नगरपालिकालाई टुक्राएर अलग्गै गाउँपालिका बनाउने प्रस्ताव प्रदेश सरकाससमक्ष पुगेको छ। कटारी नगरपालिकाको ७ औं नगरसभा अभिवेशनले पास गरेको नगरपालिका टुक्राउने पस्ताव सिफारिससहित प्रदेश सरकारसमक्ष पुगेको हो ।

कटारी नगरपालिकाको पहाडी भेगका ५ वडाबासीको छुट्टै गाउँपालिका बनाउने मागलाई गाउँसभाले पारित गरेको सिफारिससहितको ज्ञापनपत्र मुख्यमन्त्री शेरधन राईसमक्ष पुगेको गाउँपालिका माग सहजीकरण समिति संयोजक अम्बर मगरले बताएका छन् । संयोजक मगरले नगरपालिकाको सिफारिससहित छट्टै गाउँपालिका बनाउन माग गरिएको ज्ञापनपत्र मुख्यमन्त्री राईलाई मंगवबार हस्तान्तरण गरेका छन् ।मगरले कटारी नगरका ९, १०, ११, १३ र १४ नं. वडाबासीले छुट्टै गाउँपालिका बनाउन माग गर्दै गएको असार सुरुमै नगरपालिकालाई ज्ञापनपत्र दिएका थिए । उनीहरुको माग संबोधन गर्दै नगरपालिकाले अलग्गै गाउँपालिका बनाउन स्वीकृति दिने आसले ७ औं नगरसभा अधिवेशनबाट प्रस्ताव पारित गरेको थियो । नगरसभाले पारत गरेको प्रस्तावसहित छट्टै गाउँपालिका बनाउने निर्णयको सिफारिस मुख्यमन्त्री राईलाई दिएको मगरले बताए ।

कटारीका पहाडी भेगका ५ वटा वडाहरु भौगोलिक दृष्टिकोणलो बिकट र दुर्गम रहेकाले विकास निर्माणका काम र सेवा सुविधा प्रवाह गर्न असहज भएको भन्दै गाउँलेले गरेको माग संबोधन गर्ने निर्णय नगरसभाले गरेको नगरपालिकाले जनाएको छ । जनतालाई सेवा सुविधा सहज

*बाकि ३ पेजमा-*

# कोरोना संक्रमण फेरि बढ्न थाल्यो, २४ घण्टामा २८ संक्रमित, १ को मृत्यु

❖ महेश्वर चाम्लिङ

*उदयपुर, साउन ७*

उदयपुरमा निशेधाज्ञा खुकुलो भएसँगै कोविड संक्रमण फेरि बढ्न थालेको छ। निशेधाज्ञा हटेसँगै मानव चलखेल बढेपछि संक्रमण बढ्न थालेको कुरा पछिल्लो २४ घण्टाभित्र २८ संक्रमित बढ्नुका सथौ एक बृद्धको ज्यान गएर प्रमाणित गरेको छ ।

गए राति जिल्लाको ताप्ली गाउँपालिका ५ का एक संक्रमित बृद्धको जयान गएको छ भने संक्रमितहरु बढेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । केहीदिनअघि मात्र कोविड संक्रमण पुष्टि भएपछि ताप्ली ५ कटहरेस्थित गाउँपालिकाको आईसोलेसन सेन्टरमा उपचार गराउँदै आएका कटहरेकै ७८ वर्षीय बृद्धको बुधबार निधन भएको स्वास्थ्यले जनाएको छ ।

बृद्धको मृत्युसँगै उदयपुरमा कोविडले ज्यान जानेको संख्या १६ महिलासहित ५२ पुगेको छ । जसमा त्रियुगा नगरपालिकाका मात्र ७ महिलासति २८ संक्रमितले ज्यान



गुमाईसकेका छन् भने चौदण्डीगढीका ४ महिलासहित ९ जनाको निधन भईसकेको छ । कटारी नगरपालिकाका २ महिलासहित ४ जना, उदयपुरगढी गाउँपालिकाका १ महिलासहित ३, रौतामाई, लिमचुङबुङ र ताप्ली गाउँपालिकाका एक-एकजनाको ज्यान गएको छ ।

स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले गएको २४ घण्टाभित्र बिभिन्न ठाउँमा १५ महिलासहित २८ जना नयाँ संक्रमण देखिएको बताए। उनका अनुसार ९० जनाको एन्टीजेन परीक्षण गर्दा २७ जनामा कोविड पुष्टि भएको छ । स्वास्थ्य कार्यालयका अनुसार नयाँ संक्रमितहरुमा चौदण्डीगढीका १५, बेलकाका ६, रौतामाईका ४, कटारीका ३ र ताप्लीका १ जना रहेका छन् ।

उदयपुरमा हाल १ हजार १ सय ४६ महिलासहित २ हजार ४ सय ७१ संक्रमित निको भईसकेका छन् । निको हुनेमा त्रियुगाका ४ सय ११ महिलासहित ९ सय ५३, चौदण्डीगढीका २ सय ७२ महिलासहित ५ सय १३, बेलकाका २ सय ६ महिलासहित ३ सय ९७ र कटारीका ५

*बाकि ३ पेजमा-*

## नारायणी ग्याँस

### गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय


# जागीर सरकारी मन दिमाग निजिमा

सरकारी कार्यालय त्यसमा पनि गाउपालिका को वडाको कार्यालयको सेवा अनुगमन गर्ने हो भने चित्त बुझ्दो सेवा केही छैन । त्रियुगा नगरपालिकाको वडा नम्बर १४ साउने को सेवा नै हेर्ने हो भने चित्त बुझ्दो ठाउँ छैन । स्वास्थ्य चोउकिले दिने सेवाको हकमा कुनै कुरा मापदन्द अनुसार भेटिन्न। रोउतामाइ गाउपालिका - ७ मुर्कुचिको स्वास्थ्य चोउकिको स्थिती हेर्ने हो भने दयनिय छ ।

८ जना सरकारी नुन खायर जनताको सेवा गर्छु भनेर कसम खाएका कर्मचारिहरु किन निजि स्वास्थ्य केन्द्र खोल्न हिकमत गरे । सरकारी सेवामा काम गरेको नोकरिले सरकारी जागिरेहरुलाइ पुग्दैन र ? जागिर सरकारिमा खाने अनि निजि स्वास्थ्य केन्द्र खोलीर मन दिमाग समय चाहिँ निजि काममा दिए पछि जनताले कहाँ सेवा पाए ? मुर्कुची स्वास्थ्य केन्द्रकै कुरा गर्ने हो भने त्यहाको स्वास्थ्य केन्द्रको हालत के छ ? जिल्लाका हाकिमहरुले कहिले सोझबुझ अनुगमन गरेका छन ? जिल्लाका हाकिमहरुको काम के हो ? खाली जिल्लामा नै बसेर जागिर पचाउने मात्र हो ? उदयपुर जिल्लामा भएका सम्पुर्ण स्वास्थ्य केन्द्रको सबै सेवा ठिक ठाउमा हुनुपर्यो ।

जनताको नुन खायर सेवा गर्छु भनेर कसम खायर नोकरिमा लागेकाहरुले अब धर पाउने छैन ।सरकारी कार्यालय भनेको मात्र जागिर कसरी हो पकाउने भन्ने मात्र हो त ? राज्यको तेति धेरै जनशक्ती लगानी भएको स्वास्थ्य छेत्रले समान्य उपचार मात्र गर्ने हो भने निजि छेत्रका स्वास्थ्य छेत्र मोउलाउछ्न र जनताले सरकारी छेत्र बाट पाउने सेवा सुबिधामा बिश्वास गुमाउनेछ ।

मुर्कुची जस्तो ठाउको स्वास्थ्य चोउकिको भबनको सुरक्षा को निम्ति त्यति ढोका हाल्न सरकारी बजेट नै आशा गर्ने हो भने के को लागि कार्यालय प्रमुख, के को लागि वडाअध्यछ ? अब सबै काम नीति, नियम, विधि, ब्यबस्था अनुसार हुनुपर्यो । सरकारी बजेट नहुदा ओअनि स्थानियले त्यती ढोका लगाउने काम गर्दा केही छती, हानी हुनेछैन स्थानिय बासिन्दाको । आफुले काम गर्ने कर्मथलो भनेको आफ्नो मन्दिर पाठशाल हो । आफुले काम गर्ने स्वास्थ्यकेन्द्र स्वच्छ, सफा हुदा सबैको स्याबासिको पात्र बनिनेछ। जिल्लाका हाकिमहरुले अब आफु मातहत को सबै कार्यालयहरु सहि मात्रामा चलेको हुन आबश्यक छ। नीति, नियम, ब्यबस्था भन्दा टाढा हुन कसैलाइ छुट छैन ।


त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरुरी सूचना

त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर
Shree Tryuga Chamber of Commerce & Industry, Udayapur

TCCI

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्न उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सुचित गरिन्छ ।

त्रियुगा उधोग वाणिज्य संघ
गाईघाट, उदयपुर

# युवा कृषि महिला उद्यमि उष्मा राई
















❖ बेदकुमारी राई

बुवा सहरमान राई र आमा तारा राईको एक छोरा ३ छोरी मध्य जेठि छोरी उष्मा राई हुन् । अहिले उनि ३२ बर्षको भईन । उनको दाजु पुलिस फोर्समा छन भने माईलि बहिनी फेसन डिजाईनरमा काम गर्छिन र कान्छि पढ्दै छिन ।

उष्मा अहिले उदयपुर जिल्लाको सदरमुकाम गाईघाट देखि पुर्व तर्फ ८ किलो मिटर दुरिमा रहेको त्रियुगा नगरपालिकाको १ नम्बर वडा जोगिदहको उत्तर तर्फ पर्ने फुलजोरमा बसोवास गर्दै आईरहेकि छिन । उनि अहिले फुलजोरमा प्रदेशि एग्रो नामको कृषि फर्म संञ्चालन गरिरहेकि छिन ।उनको हईसिएतले सरकारी जागिर खाने भएता पनि कर्मले उनलाई महिला उद्यमीको रुपमा चिनायो । उनले यो फर्म संञ्चालनमा ल्याएको डेड बर्ष भयो ।

पहिले उनि नर्सिङ पढेर जागिरे पनि भएकि थिईन् । उनि एक गाइका पनि हुन् साथै उनको ढाँका उद्योग पनि रहेको छ । उनले महेन्द्रिय उच्च. मा.वि आखेबाट एस.एलिस गरिन र नर्सिङ कोष गाईघाटमै गरिन। उनले विवाह २०६७ सालमा गरेकी हुन्। उनको एक छोरी एक छोरा गरि दुई सन्तान छन्। उनको श्रीमान बैंक मा काम गर्छन ।कोबिडको कारणले कृषि फर्ममा मात्र नभई अरु व्यावसायहरुपनि जोखिममा परेका छन्। त्यसकारण उनको फर्ममा पनि सानो तिनो सम्स्या देखिएको उष्मा बताउछिन । उनको फर्मबाट उत्पादित तरकारी ग्राहकले खरिद गर्नुको सटटा कुनैपनि बजारमा पाईने युरिया मल औषधि प्रयोग नगरीएको कारण सबै ग्राहकले ताजा,अर्गानिक तरकारी खोज्ने भएकाले उपभनेक्ताहरु आउने गरेको बुझाई छ ।

उपभोक्ताहरुको मागलाई मध्यनजर राखेर उनिहरुको आवश्यकता परिपुर्ति गरिरहेकी छिन । ३ विद्या जमिनमा बनेको उष्माको कृषि फर्ममा तरकारीमात्र नभएर पशुपालन समत गरिरहेकी छिन ।लौका,घिरौला,फर्सि,काक्रा,खोर्सानी जस्ता विभिन्न प्रकारका फलफुल तथा तरकारी पाईन्छ भने कुखुरा ७ माउँ बच्चा सहित,हाँस १० वटा, एक वटा गाई,१० वटा रागाँ,२६ वटा बाख्रा,५२ वटा हाँस,बँगुंर ११ वटा पशुपालन गरेकी छिन ।

उनले पशुपालन गर्दा चाहिने दाना पनि स्थानिय उत्पादनलाई प्रमुख प्राथमिकता दिदै खरिद गरेर बस्तुलाई खुवाउने गर्छिन ।४२ लाखको लगानिमा गरेको कृषि फर्ममा अहिलसम्म १५ लाखको आम्दानि भएको उष्माले बताइन ।

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## कटारी.....

उपलब्ध गराउने नगरपालिका बाधक हुन नहुने उदेश्यले स्थानीयको माग बमोजिम छुट्टै गाउँपालिका बनाउन नगरसभाले निर्णय गरेको हो। छुट्टै गाउँपालिका बनाउन खोज्ने ५ वटा वडाहरु नगरपालिका केन्द्र कटारीदेखि दूरीका हिसाबले निकै टाढा र भौगोलिक हिसावले सेवा सुविधा लिन असक्षाम देखिएकाले अलग्गै गाउँपालिका बनाउनुपर्ने बाध्यता आईपरेको समितिका सदस्य तथा वडा नं. ११ का वडाध्यक्ष सरोज बुढाक्षेत्री बताउँछन्।

नगरपालिका केन्द्र कटारी बजा आउजाउ गर्न धेरै टाढा पर्ने भएकाले वडाबासीलाई सेवा सुविधा लिन र विकास निर्माणका काममा पछि पर्नु परेकाले अलग्गै स्थानीयतह बनाउन माग गरेको उनले बताए। छुट्टै गाउँपालिका बनाउन माग गर्ने ५ वटा वडाको भूगोल झण्डै १ सय २५ वर्ग किलोमिटर क्षोत्रफल रहेको छ भने जनसंख्या १८ हजार ५ सय ८६ रहेको नगरपालिकाले जनाएको छ।

५ वटा वडाहरु मिलेर छुट्टै गाउँपालिका बनाए पनि कटारी नगरपालिका रहन कानुनी बाधा नहुने भएकाले स्थानीयतह पुनर्संरचना मापडण्डका आधारमा भूगोल, जनसंख्या र भौतिक पूर्वाधार पुग्ने देखिएकाले नगरसभाले पारित गरेको हो। ०७२ को संविधानको धारा २९५ ले व्यवस्था गरे अनुसार वडाहरु छुट्टिएर गाउँपालिका निर्माण गर्न मिल्ने भएकाले गाउँपालिका बनाउने वडाबासहीको प्रस्ताव नगरसभाले पास गरेर प्रदेश सरकारसमक्ष सिफारिस गरेको हो।

नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठले ५ वडाहरु मिलेर छुट्टै गाउँपालिका बनाउन चाहेको माग आएपछि नियमले मिलेसम्म नगरसभाले पास गरेर प्रक्रिया अघि बढाउन सिफारिस गरेको बताएका छन्। पूर्वमा उदयपुरगढी र ताप्ली गाउँपालिका, पश्चिममा सिन्धुलीको दुधौली नगरपालिका र पिक्कल गाउँपालिका, उत्तरमा ओखलढुंगाको मानेभञ्याङ तथा खोटाङको हलेसी तुवाचुङ नगरपालिका र दक्षिणमा सिराहाका मिचैया, गोलबजार, कर्जन्हा नगरपालिकाले छोएको कटारी सदरमुकाम गाईघाटभन्दा दोस्रो ठूलो छ।

कटारी नगरपालिका समुद्री सतहदेखि १ सय ११ देखि १ सय ४ मिटरसम्म उचाईमा फैलिएको छ भने ४२४.९ वर्ग किलोमिटर क्षोत्रफल रहेको नगरपालिकाको जनसंख्या ५६ हजार १ सय ४६ छ।

## कोरोना....

महिलासहित २ सय ८ जना रहेका छन्। त्यस्तै गाउँपालिकातर्फ लिमचुङबुङका ६० महिलासहित १ सय २५, ताप्लीका ५६ महिलासहित १ सय २३, रौतामाईका ३४ महिलासहित ९४ र उदयपुरगढीका २२ महिलासहित ५ जना रहेको स्वास्थ्य कार्यालयका फोकलपर्सन उमेश लुईटेलले बताए।

जिल्लामा हाल ९४ महिलासहित २ सय १० जना सक्रीय संक्रमितहरुको बिभिन्न आईसोलेसन सेन्टरमा उपचार भईरहेको लुईटेलले बताएका छन्। त्रियुगाका १९ महिलासहित ४४ उपचाररत छन् भने कटारीका ४ महिलासहित १५, बेलकाका ३३ महिलासहित ६८ र चौदण्डीगढीका २२ महिलासहित ४४ जना उपचारमा छन्। त्यस्तै ताप्लीका १२ महिलासहित २९, लिमचुङबुङका २ महिलासहित ६ र रौतामाईका २ महिलासहित ४ जनाको उपचार भईरहेको छ।

उदयपुरका ८ वटा स्थानीयतहमध्ये उदयपुरगढी भने कोविडमुक्त भईसकेको छ। उदयपुरगढीका २३ महिलासहित ६१ जनामा संक्रमण देखिएकोमा १ महिलासहित ३ जनाको ज्यान गयो भने बाँकी संक्रमितहरु दुईसाताअघि नै कोविडमुक्त भईसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधव सुबेदीले बताए।

निशेधाज्ञा लागू भएसँगै बन्द भएको लामो दुरीका यातायात सरकारले बिहीबार मात्र सुचारु गर्न निर्देशन दिएको छ। यसै बेला संक्रमित बढ्न थालेपछि स्थानीयहरु पुन: कोविड त्रास फैलिने जोखिम बढेकोमा सशंकित छन्। पछिल्लो दुईसातायता संक्रमित घट्दै गएपछि निशेधाज्ञा अन्त्य गर्दै प्रशासनले बजार पसल खुकुलो पारेको छ।

प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले कक्षा ११ र १२ को परीक्षा भौतिक उपस्थितिमै सञ्चालन गर्ने सरकारी निर्णय कार्यान्वयन गर्न लागेका बेला फेरि संक्रमण बढ्न थालेपछि कसरी अघि बढ्ने भन्नेबारे सरोकारवालाहरुसँग छलफलको तयारी गरेको बताए। क्याप्सन: चौदण्डीगढीमा बुधबार निको भएका संक्रमितलाई बिदाईपछि सामुहिक तस्विर खिच्दै नगरप्रमुख खगेन्द्र राई।

## करेन्ट लागेर बाखा र गोरु मर

❖ मुलुकी संबाददाता

*नेपालटार, साउन ७*

उदयपुरगढी गाउँपालिकामा बिहीबार रुखले बिजुलीको पोल ढाल्दा करेन्ट लागेर चरिरहेका बाखा र गोरु मरेका छन्।

नेपालटार हुँदै धप्परबाट भुमरे खण्डको सडकमा दिउँसो २:०० बजे उदयपरगढी ६ धप्परमा ढलेको रुखले विद्युतको पोल छोएर ढल्दा बाखा र गोरु मरेका हुन्। करेन्ट लागेर स्थानीय रामबहादुर सार्कीका ४ वटा बाखा र एउटा गोरु मरेको स्थानीयले बताएका छन्। रुखले पोल ढाल्दा विद्युतको तारले छोएर करेन्ट लाग्दा बाखा र गोरु मरेको उनीहरुको भनाई छ। बाखा र गोरु मर्दा भण्डै १ लाख बराबरको क्षति भएको स्थानीयले जनाएका छन्।

केही स्थानीयले भने केही दिनअघिदेखि नै त्यहाँ विद्युत आउन छाडेको भए पनि तर, कसरी करेन्ट लाग्यो भन्ने थाहा नभएको बताएका छन्। भर्खर मात्र विद्युत विस्तार भएको उदयपुरगढीमा गाडिएका पोल काठका भएकाले सामान्य हावाले पनि ढलेर घट्ना भएको हुनसक्ने अनुमान गरिएको छ।

सस्तोमा गिफ्टका सामान र गुडीया

खुवालुङ गुडीया सप्लार्यस

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड। प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ।

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा।

ब्यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०

बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्पित।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर।

*प्रोपाइटर* - भरत चामलिङ राई

गाईघाटे सेकुवा कर्नर...

सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक



Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# मैत्रीपुर्ण खेलमा टिम विक्रम लामाको जित

❖ बिबेक राई

*गाईघाट, साउन ७*
नेपाली फुटबल टोलीको आपस्बीचको मैत्रीपूर्ण खेलमा टिम विक्रम लामाले टिम अनन्त तामाङलाई ३-२ ले पराजित गरेको छ । प्रशिक्षणमा व्यस्त रहेको नेपाली टोलीले प्रशिक्षणकै क्रममा मैत्रीपूर्ण खेल खेलेको थियो ।

सातदोबाटोस्थीत एन्फाको ट्रेनिङ सेन्टर एन्फा कम्प्लेक्समा बिहिबार भएको खेलमा टिम विक्रम लामा प्रतिस्पर्धात्मक जीत निकाल्न सफल भयो । नेपालका लागि मुख्य प्रशिक्षक अब्दुलाह अलमुताइरीले नेपाली टिमलाई दुई भाग लाएर उक्त मैत्रीपूर्ण खेल खेलाएका थिए ।

कुवेती प्रशिक्षक अलमुताइरीले खेलाडीहरुलाई खेलको थप अनुभव बटुल्न र निर्णय लिनसक्ने क्षमतामा वृद्धि गराउन मैत्रीपूर्ण खेल खेलाएका थिए ।

उनले बन्द प्रशिक्षणमा रहेका खेलाडीहरुलाई टिम ए अनन्त तामाङ र टिम बी विक्रम लामा भन्दै दुई टोलीमा विभाजन गरेर मैत्रीपूर्ण खेल खेलाएका थिए । जसमा डिफेन्डर तामाङ र मिडफिल्डर लामाले खेल नखेलेर आ-आफ्नो टोलीको लागि प्रशिक्षकको भूमिका निभाएका थिए । तामाङको टिम ए बाट नेपालकै नम्बर एक कहलिएका गोलरक्षक किरण चेम्जोङ, दिनेश राजवंशी, गौतम श्रेष्ठले खेलेका थिए ।

त्यस्तै तामाङको टिमबाट पुजन उपरकोटी, तेज तामाङ, सुजल श्रेष्ठ, मनिष डाँगी लगायतले खेलेपनि जीत निकाल्न सकेनन् । लामाको न कप छनौटको संयुक्त छनौटमा असफल भएपनि पछि नियम परिमार्जन भएपछि नेपालले कम्तीमा एसियन कपको थप छनौट भने खेल्न पाउने भएको छ ।

त्यसै गरि यहि सेप्टेम्बर महिनामा बंगलादेशमा हुने भनिएको साफ च्याम्पियनसिप कोरोनाको कारण हुने नहुने अन्योलमा भएपनि नेपालले भने तयारि गरिरहेको छ । त्यस्तै नेपालको महिला फुटबल टोली पनि अहिले बन्द प्रशिक्षणमा नै व्यस्त छ ।

२०२२ मा भारतमा हुने भनिएको एएफसी महिला एसियन कपको छनौट खेलको लागि नेपाली महिला टोली तयारी गरिरहेका छन् । छनौटको लागि नेपालसँगै फिलिपिन्स र हङकङ पनि एउटै समुहमा परेका छन् । यी तीनमध्ये समुहको शिर्षस्थान कब्जा गर्नसक्ने एक टोलीमात्र छनौट भएर जानेछ । नेपाली महिला फुटबल टोलीका मुख्य प्रशिक्षक ग्यारी फिलिप्स अहिले आफ्नै देश अष्ट्रेलियामा छन् ।

अहिले प्रशिक्षणमा भने प्रशिक्षक अरुणा गुरुङ, प्रशिक्षक प्रकाश वैद्य, सहायक प्रशिक्षक चेतन घिमिरे र गोलरक्षक प्रशिक्षक अस्मिता खवासले खेलाडीहरुलाई प्रशिक्षण दिइरहेका छन् । त्यसै गरि जापानमा भइरहेको ओलम्पिकमा पुरुष फुटबल अन्तर्गत समुह ए मा मेक्सीकोले फ्रान्सलाई ४-१ हरायो ।

समुह मा नै आयोजक जापानले दक्षिण अफ्रिकालाई १-० ले पराजित गर्‍यो । समुह बी मा पहिलो दिनको पहिलो खेलमा न्यूजिल्याण्ड र रोमानियाले दक्षिण कोरिया र होण्डुरसलाई समान १-० ले पराजित गरे ।

समुह सी मा स्पेन र इजिप्टले गोलरहित बराबरी खेल्दा अष्ट्रेलियाले अर्जेन्टिनालाई २-० ले स्तब्ध पार्‍यो । अन्तिम समुह डी मा ब्राजिलले जर्मनीलाई ४-२ र आइभरी कोस्टले साउदी अरेबियालाई २-१ ले पराजित गर्‍यो । ओलम्पिक्स फुटबलमा २३ वर्ष मुनिका अर्थात यू-२३ का टोलीले भाग लिने गर्छन् ।







त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२





# प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४




प्रोपाइटर - कैलाश चामलिङ राई ।
सम्पर्क - ९८६२८३४६५६


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट